कम्पनी दर्ता नं. : ८००/२०५८/५९ ने.रा. बैंक ईजाजत नं.: घ/३/२०६२/६३

छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड

CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको अनुमतिपत्र प्राप्त संस्था)

"ग्रामिण विकासको आधार, [illegible] विस्तार"

च.नं. ७२/०८३/८४

मिति : २०८३/०७/१९

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

विषय : आ.व. २०८२/८३ को प्रस्तावित लाभांशको जानकारी सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०८३/०७/१८ गते बुधबार अपरान्ह ०४:०० बजे बसेको सञ्चालक समितिको ३४५औं बैठकले आ.व.२०८२/८३ सम्मको वितरण योग्य मुनाफाबाट शेयरधनी महानुभावहरुलाई हाल कायम **चुक्ता पूँजी रु.३,६१,७२,६४,१०१.५० (अक्षरेपी तिन अर्ब एकसट्ठी करोड बहत्तर लाख चौंसट्ठी हजार एक सय एक रुपैयाँ पैसा पचास मात्र)** को तपसिल अनुसार हुने गरी बोनस शेयर तथा नगद लाभांश वितरण गर्ने प्रस्ताव एवं आ.व. २०८२/८३ को लेखापरीक्षण प्रतिवेदन तथा वित्तीय विवरण स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष पेश गर्ने निर्णय गरेको व्यहोरा जानकारीको लागि अनुरोध गरिन्छ । साथै, उक्त प्रस्तावित लाभांश (बोनस शेयर तथा नगद लाभांश) नेपाल राष्ट्र बैंकबाट स्वीकृत भई आगामि वार्षिक साधारण सभाबाट पारित भए पश्चात वितरण योग्य हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल:

क्र.सं.	विवरण	प्रतिशत तथा रकम
(क)	हाल कायम चुक्ता पूँजी	रु.३,६१,७२,६४,१०१.५० (अक्षरेपी तिन अर्ब एकसट्ठी करोड बहत्तर लाख चौंसट्ठी हजार एक सय एक रुपैयाँ पैसा पचास मात्र) ।
(ख)	प्रस्तावित बोनस शेयर प्रतिशत र रकम	चुक्ता पूँजीको ११.९६३१ (दशमलवपछिको निकटतम् चार अंक) प्रतिशतले हुन आउने रकम रु.४३,२७,३५,८९८.५० (अक्षरेपी त्रिचालीस करोड सत्ताईस लाख पैंतिस हजार आठसय अन्ठानब्बे रुपैयाँ पैसा पचास मात्र) ।
(ग)	प्रस्तावित नगद लाभांश प्रतिशत र रकम	चुक्ता पूँजीको १३.०३६९ (दशमलवपछिको निकटतम् चार अंक) प्रतिशतले हुन आउने रकम रु.४७,१५,८०,१२६.८८ (अक्षरेपी सैंतालिस करोड पन्ध्र लाख असी हजार एकसय छब्बीस रुपैयाँ पैसा अठासी मात्र) । यस नगद लाभांश रकममा बोनस शेयर र नगद लाभांशमा लाग्ने कर प्रयोजनका लागि आवश्यक रकम समेत समावेश रहेको छ ।
(घ)	कुल बोनस तथा नगद लाभांश प्रतिशत र रकम	चुक्ता पूँजीको २५ (अक्षरमा पच्चिस) प्रतिशतले हुन आउने रकम रु.९०,४३,१६,०२५.३८ (अक्षरेपी नब्बे करोड त्रिचालीस लाख सोह्र हजार पच्चीस रुपैयाँ पैसा अठ्तीस मात्र) ।

वोद्धार्थ :

१. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।
३. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।
४. श्री एनएमबी क्यापिटल लि., बालुवाटार, काठमाण्डौ ।

भवदीय,

.....
दिलिप कुमार श्रेष्ठ
कम्पनी सचिव